# लोक सेवा आयोग

(परीक्षा सञ्चालन शाखा)

## कोभिड-१९ को विशेष संक्रमणकालीन अवस्थामा परीक्षामा सामेल हुने उम्मेदवारले अनिवार्य पालना गर्नु पर्ने नियमहरू

कोभिड-१९ को संक्रमणलाई मध्यनजर गरी आयोगद्वारा सञ्चालन गरिने लिखित परीक्षालाई सुरक्षित र प्रभावकारी तुल्याउन तथा परीक्षामा संलग्न हुने उम्मेदवार र खटिने जनशक्तिको स्वास्थ्य सुरक्षालाई मध्यनजर गरी परीक्षा सम्बन्धी कार्यलाई सुरक्षित तुल्याउन आयोगद्वारा देहायको नियमहरू तोकिएको छ।

१. उम्मेदवारले नाक, मुख राम्रोसँग छोपिने गरी अनिवार्य रूपले मास्क लगाउनुपर्नेछ। आवश्यकता अनुसार स्यानिटाइजर समेत प्रयोग गर्नु पर्नेछ।

२. कोभिड-१९ संक्रमण भएको वा लक्षण भएको उम्मेदवारले परीक्षा शुरू हुनु भन्दा अगाडि अनिवार्य रूपले परीक्षा सञ्चालन गर्ने कार्यालय/शाखामा जानकारी गराउनु पर्नेछ।

३. परीक्षा केन्द्रमा उम्मेदवारले भिडभाड नगरी लाइनबद्ध रूपमा आफ्नो नाम र कोठा नम्बर एकिन गरी तोकिएको स्थानमा पालै पालो प्रवेश गर्नुपर्नेछ।

४. उम्मेदवारले परीक्षाको समय अघि वा पछि समूहमा बस्ने र कुराकानी गर्नु हुँदैन। परीक्षा सम्पन्न भएपछि सुरक्षित रूपमा परिक्षा भवनबाट बाहिर जानु पर्नेछ।

५. उम्मेदवारले आफ्नो लागि पिउने पानी लगायत स्वास्थ्य सुरक्षा सामाग्रीको प्रबन्ध आँफै गर्नु पर्नेछ।

६. सबै उम्मेदवारले आफ्नो स्वास्थ्य अवस्थाको बारेमा आयोगको Website मा गई विद्युतीय माध्यमबाट कोभिड सम्बन्धी स्वयम् घोषणा फाराम अनिवार्य रूपमा भर्नु पर्नेछ। साथै सुरक्षा निकाय तथा संगठित संस्थाको परीक्षामा सामेल हुने उम्मेदवारले सम्बन्धित सुरक्षा निकाय तथा संगठित संस्थामा आफ्नो स्वास्थ्य सम्बन्धी अवस्थाको बारेमा अग्रिम जानकारी गराउनु पर्नेछ।

७. कोभिड-१९ संक्रमणजन्य रोगबाट बच्न नेपाल सरकारले तोकेको अन्य स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्नु पर्नेछ।